मिति २०७८/०८/९

**नेपाल कम्युनिष्ट पार्टी (एकीकृत मार्क्सवादी-लेनिनवादी)को**

**दशौं राष्ट्रिय अधिवेशनको प्रयोजनार्थ**

केन्द्रीय निर्वाचन आयोगले जारी गरेको

# "दशौं राष्ट्रिय महाधिवेशन, निर्वाचन आचार संहिता, २०७८"

**प्रस्तावनाः-**

नेपाल कम्युनिष्ट पार्टी (एकीकृत मार्क्सवादी-लेनिनवादी)को दशौं राष्ट्रिय महाधिवेशनबाट निर्वाचित हुने पार्टी केन्द्रीय कमिटी, केन्द्रीय अनुशासन आयोग र केन्द्रीय लेखा आयोगका पदाधिकारी तथा सदस्यहरुको निर्वाचनलाई स्वच्छ, निष्पक्ष र विश्वसनिय ढंगले सम्पादन गरि लोकतान्त्रिक मुल्य मान्यताको आधारमा नेतृत्व चयन गर्ने प्रयोजनको लागि निर्वाचनसंग सम्बन्धित् सरोकारवालाहरूले पालना गर्नुपर्ने आचरणलाई व्यवस्थित गर्न वाञ्छनिय भएकोले नेपाल कम्युनिष्ट पार्टी (एकीकृत मार्क्सवादी-लेनिनवादी)को विधान (२०७८को संशोधन सहित), २०४९को धारा २६(५)(ज)को अधिकार प्रयोग गरी केन्द्रीय निर्वाचन आयोगको मिति २०७८/०८/९ गते बसेको बैठकको निर्णयले **"दशौं राष्ट्रिय महाधिवेशन, निर्वाचन आचार संहिता, २०७८"** जारी गरिएको छ।

## परिच्छेद-१

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यस आचार-संहिताको नाम नेपाल कम्युनिष्ट पार्टी (एकीकृत मार्क्सवादी-लेनिनवादी)को **"दशौं राष्ट्रिय महाधिवेशन, निर्वाचन आचार संहिता, २०७८"** रहने छ।

(२) यो आचार-संहिता तुरून्त प्रारम्भ हुनेछ।

**२. आचार–संहिता लागू हुने पक्षहरूः-**

(१) दशौं राष्ट्रिय महाधिवेशनका संपूर्ण प्रतिनिधि एवं मतदाताहरु, पर्यवेक्षक, अतिथि, अध्यक्ष मण्डलका अध्यक्ष एवं सदस्यहरु, केन्द्रीय सल्लाहकार परिषद, उम्मेदवारहरु, उम्मेदवारका प्रतिनिधिहरु, अधिवेशनका आयोजक, स्वयं सेवकहरु लगायत निर्वाचनसँग प्रत्यक्ष वा अप्रत्यक्ष सरोकार राख्ने सम्बन्धित पक्ष वा व्यक्तिहरु।

(२) केन्द्रीय निर्वाचन आयोग, केन्द्रीय निर्वाचन आयोगले नियुक्ति गर्ने निर्वाचन अधिकृत, मतदान अधिकृत, मतगणना अधिकृत एवं स्वयंसेवकहरु, निर्वाचनमा संलग्न अन्य सहयोगीहरु लगायत निर्वाचनसंग सम्बद्ध सम्पूर्ण व्यक्तिहरु।

## परिच्छेद-२

**आचार-संहिता लागु हुने पक्षले पालना गर्नुपर्ने आचरणहरुः-**

**३. निर्वाचनका समयमा पालना गर्नुपर्ने सामान्य आचरणहरूः-**

(१) कुनै धर्म, सम्प्रदाय, जातजाती, लिङ्ग, भाषा, समुदाय वा क्षेत्रीय आधारमा घृणा फैलाउने, द्वेष उत्पन्न हुने वा सद्भाव खलबलिने गरि कुनै क्रियाकलाप गर्न वा गराउन नहुने,

(२) उम्मेदवार वा महाधिवेशको कुनैपनि मतदाता वा महाधिवेशनमा संलग्न कुनैपनि व्यक्तिको निजी जीवनलाई आघात पुग्ने गरी आलोचना गर्न गराउन नहुने,

तर, यस व्यवस्थाले उम्मेदवारको विगतमा निजले गरेको कामको बारेमा स्वस्थ आलोचना गर्न बाधा पुराएको मानिने छैन ।

(३) कुनै पनि प्रकारको धुम्रपान, मद्यपान तथा लागु पदार्थ सेवन गरी तोकिएको निर्वाचन क्षेत्रभित्र प्रवेश गर्न पाइने छैन ।

(४) कसैले पनि निर्वाचन विथोल्न वा निर्वाचनप्रति वितृष्णा पैदा हुने वा निर्वाचनमा भ्रम सृजना हुने वा निर्वाचनमा अवरोध हुने गरी कुनै कार्य गर्न गराउन पाइने छैन ।

(५) मतदातालाई मतदान गर्न जान बञ्चित गराउने अभिप्रायले कुनै पनि किसिमले बाधा अवरोध वा छेकथुन गर्न गराउन पाइने छैन ।

(६) नेपाल सरकारका वा प्रदेश सरकारका मन्त्रीहरू, पूर्व मन्त्रीहरु, राजनीतिक नियुक्ति पाएका व्यक्तिहरू, जनप्रतिनिधिमूलक निकायमा निर्वाचित वा मनोनित पदाधिकारीहरू, पार्टीका उपल्लो निकायमा रहेका नेता समेतले निर्वाचन कार्यलाई प्रभावित गर्ने उद्देश्यले पदीय हैसियतको दुरूपयोग हुनेगरी उम्मेद्वारको पक्ष वा विपक्षमा मतदान गर्ने कार्यका लागि कसैलाई प्रभावमा पार्न वा प्रभावित पार्ने उद्देश्यले कुनै कार्य गर्न पाइने छैन ।

(७) मतदानस्थल र मत गणनास्थलमा केन्द्रीय निर्वाचन आयोगले अनुमति दिएका व्यक्तिहरु भन्दा बाहेक अन्य कुनैपनि व्यक्तिले मोवाईल फोनको प्रयोग गर्न पाउने छैन ।

४. **निर्वाचनको प्रचार प्रसार गर्दा पालना गर्नुपर्ने सामान्य आचरणहरू:-**

(१) पार्टीको विधान, घोषित नीति, सिद्धान्त, कार्यक्रम विपरित प्रचार-प्रसार गर्नु गराउनु पाइने छैन ।

(२) मतदान कार्य सुरू भएदेखि मतदान केन्द्रभित्र मतदानको काम सम्पन्न नहुँदासम्मका लागि निर्वाचन प्रचार-प्रसार हुने गरी सामान्य भिजिटिङ कार्ड आकारको पर्चा (२ ईन्च X चार ईन्च) भन्दा बाहेक अन्य कुनै पनि प्रकारको प्रचार सामग्री प्रदर्शन गर्न, प्रचार सामग्रीहरू (पर्चा, पोष्टर, पम्प्लेट, व्यानर) प्रयोग गर्न, बाड्न तथा कुनै पनि प्रकारले प्रचार-प्रसार गर्न, गराउन तथा सभा-जुलुस गर्न गराउन, समुहगत रुपमा छुट्टै भेला बैठक गर्न गराउन, पाइने छैन ।

(३) कुनै धर्म, सम्प्रदाय, जातजाती, लिङ्ग, भाषा, समुदाय वा क्षेत्रीय आधारमा घृणा फैलाउने, द्वेष उत्पन्न हुने वा सद्भाव खलबलिने गरि वा कुनै साम्प्रदायिक भावना फैलाउने गरी मत माग्न वा प्रचार प्रसार गर्न वा गराउन पाईने छैन ।

(४) केन्द्रीय निर्वाचन आयोगले तोकेको निर्वाचन क्षेत्रभित्र कुनै पनि प्रकारले प्रचार-प्रसार पाइने छैन ।

(५) उम्मेदवार तथा मतदाताहरूले व्यक्तिगत आधारमा बाहेक समूहगत आधारमा प्रचार-प्रसार गर्न, प्रचार सामग्री प्रकाशन तथा वितरण गर्न, मत माग्न, नामावली बाँड्न पाइने छैन ।

तर, यस व्यवस्थाले निर्वाचन आयोगद्वारा प्रकाशित नमुना मतपत्रको आधारमा उम्मेदवारहरुले मतमाग्न वा प्रचार प्रसार गर्नमा रोक लगाइएको मानिने छैन

(६) समूहगत आधारमा उम्मेदवारको नामावली लेखिएको वा छापिएको सामग्रीहरू हेरी मतदान गर्न पूर्णतः निषेध गरिएको छ ।

(७) कुनै प्रकारको धाकधम्की, त्रास, प्रलोभन, मोलहिजामा पारेर निर्वाचनसंग सम्बद्ध जो कोहिलाई पनि आफ्नो कर्तव्य पालनबाट विचलित गराउन हुँदैन । मतदातालाई उसको इच्छा विपरित मतदान गर्न बाध्य पार्न पाइने छैन ।

(८) मतदाताले मतदानका लागी तोकिएको मतदान क्षेत्रभित्र प्रवेश गर्दा निर्वाचन आयोगद्वारा प्रकाशित नमुना मतपत्रबाहेक अन्य कुनै प्रकारको प्रचार सामाग्री साथमा लिई प्रवेशगर्न पाइने छैन ।

(९) मतदातालाई प्रभावित गर्ने उद्देश्यले भोजभतेरको आयोजना गर्न गराउन र मादकपदार्थको सेवनगरी प्रचार-प्रसार गर्नु गराउन पाइने छैन ।

(१०) स्वतन्त्र रूपमा आफ्नो अभिमत व्यक्त गर्ने मतदानको अधिकारको संरक्षण गर्ने सन्दर्भमा सत्य, तथ्य र पूर्वाग्रहरहित सूचना सम्प्रेषणमा जोड् दिनु पर्नेछ । मतदातालाई भ्रममा पर्ने गरी निर्वाचन सम्बन्धी वा उम्मेद्वार सम्बन्धी कुनै पनि सूचना प्रकाशन र प्रचार–प्रसार गर्न पाइने छैन ।

(११) निर्वाचन क्षेत्रभित्र उम्मेद्वारको आफ्नो परिचय खुल्ने बाहेकका अन्य प्रचार सामाग्री ल्याउन बन्देज लगाईको छ ।

(१२) ज्याकेट, टिसर्ट, ट्र्याकसुट, डटपेन, टोपी, झोला, डायरी, लकेट, व्यक्तिको चरित्र हत्या हुने खालको सामाग्री, बोर्ड, तुल-व्यानर, ब्रुसर, गम्छा लगायतका निर्वाचनलाई प्रभावित पार्ने कुनैपनि सामाग्रीहरु वितरण गर्न पाईने छैन ।

**५. केन्द्रीय निर्वाचन आयोग सम्बद्धलाई लागु हुने सामान्य आचरणहरूः-**

(१) केन्द्रीय निर्वाचन आयोगका पदाधिकारी तथा सदस्यहरू, निर्वाचनमा खटाइएका अधिकृतहरु, स्वयंसेवकहरू एवम् समितिद्वारा निर्वाचनमा खटाइएका कुनै पनि व्यक्तिले निर्वाचनको सम्पूर्ण कार्य सम्पन्न नहुन्जेलसम्म निस्पक्ष र तठस्थ भूमिका खेल्नु पर्नेछ । उम्मेदवारको पक्ष वा विपक्षमा प्रचार-प्रसार, समर्थन वा विरोधका कार्य गर्न गराउन पाईने छैन ।

**६. आचार संहिताको उलंघन भएको दाबि बिरोध तथा उजुरीः**

(१) केन्द्रीय निर्वाचन आयोगले जारी गरेको आचार–संहिता उलंघन गर्ने वा निर्वाचन बिथोल्ने गरी कसैले कुनै पनि प्रकारको काम कारबाही गरेको थाहा पाउने व्यक्तिले केन्द्रीय निर्वाचन आयोगसमक्ष तोकिए बमोजिम ढाँचामा दाबि बिरोध तथा उजुरी गर्न सक्नेछ ।

(२) आचार–संहिता भंग गर्ने वा निर्वाचन बिथोल्ने गरी कसैले कुनै पनि प्रकारको काम कारबाही गरेको थाँहा पाउने व्यक्ति स्वयंले उलंघनकर्ता उपर कुनै किसिमको कारवाही गर्न पाउने छैन ।

**७. आचार संहिताको उलंघन उपर कारबाहीः**

(१) आचार संहिता उलंघन भएको उजुरी उपर केन्द्रीय निर्वाचन आयोगले आवश्यक छानविन गरी निर्वाचन आचार–संहिताको उल्लंघन भएको पाइएमा त्यस्तो उल्लंघन सच्याउन निर्वाचन आयोगले सम्बन्धित व्यक्तिलाई आवश्यक निर्देशन दिन सक्नेछ । उक्त निर्देशन पालना गर्ने सम्बन्धित व्यक्तिको कर्तव्य हुनेछ ।

(२) उपनियम (१) बमोजिमको निर्वाचन आयोगले दिएको निर्देशन पालना नगर्ने व्यक्तिलाई सचेत गराउने, निर्वाचन स्थलबाट हटाउने, निर्वाचनमा उम्मेदवारी वा मतदाताको सूचीबाट नाम हटाउने वा रद्द गर्ने सम्मको कारबाही केन्द्रीय निर्वाचन आयोगले गर्न सक्नेछ ।

८. **आचार संहिताको व्याख्याः-** यस आचार–संहिताको कार्यन्वयनमा कुनै बाधा अड्काउ परेमा त्यस्तो बाधा अडकाउ फुकाउने र यस आचार संहिताको व्याख्या गर्ने अन्तिम अधिकार केन्द्रीय निर्वाचन आयोगमा निहित रहनेछ ।

***नोटः*** *उपयुक्त निर्वाचन आचार संहितामा केन्द्रीय निर्वाचन आयोगको निर्णयले आवश्यकता अनुसार थपघट र संशोधन गर्न सकिने छ ।*

......................
डा. विजय सुब्बा
अध्यक्ष
केन्द्रीय निर्वाचन आयोग